प्रधान कार्यालय
सामान्य सेवा विभाग

# मौजुदा सूचिमा दर्ता गर्ने बारेको सूचना

(सूचना प्रकाशित मिति २०७६।०९।२३)

यस बैंकको लागि आवश्यक तहविहिन कर्मचारीहरु भर्नाको सूचना/विज्ञापन प्रकाशन, आवेदन लिने,छनौट गर्ने र नियुक्तिका लागी उपयुक्त उम्मेदवार सिफारिस लगायतका कार्य गर्न Consulting Service उपलब्ध गराउन सक्ने कम्पनीहरुको सुचि कायम गर्नु पर्ने भएकोले उक्त सेवा आपूर्ति गर्न सक्ने कम्पनीहरुले यस विभागबाट वितरण गरिएको फाराम भरी सूचि दर्ता शुल्क रु.१,०००/- सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिनको अफिस समय भित्र यस विभागमा दर्ता गराउन हुन सूचित गरिन्छ।

## पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-

- कम्पनीको दर्ता प्रमाण-पत्र र हालसम्मको नविकरण भएको कागजात,
- आ.ब.२०७५/०५६ सम्मको आयकर चुक्ता वा दाखिला प्रमाण,
- स्थायी लेखा नम्वर (PAN) तथा मुल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाण-पत्र,
- कम्पनी भए प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी,
- व्यवसायिक इजाजतपत्रको प्रतिलिपी,
- कार्यदक्षताको अनुभव सम्वन्धी प्रमाण-पत्र,

## सूचिकृत हुने सम्वन्धमा थप जानकारीहरु :-

१. सूचिकृत हुन निवेदन दिनेहरु मध्येबाट ग्राह्य ठहरिएका बिक्रेता/फर्महरुलाई मात्र सूचिकृत गरिनेछ।

२. सूचिकृत हुनको लागि बैंकबाट बितरण गरिएको फर्म साथ अनुभव लगायतका माथि उल्लेखित कागजात तथा विवरणहरु आफैले प्रमाणित गरी प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. सूचिकृत मध्येबाट बैंकले आवश्यक सेवाहरु सोझै खरिद, वा सिलबन्दी कोटेशनको माध्यमबाट खरिद गर्नेछ। बैंकबाट कोटेशन माग भएको अवस्थामा कोटेशन दिनु पर्नेछ।

४. सूचिकृत भएका कम्पनीहरुबाट बैंकको आवश्यकता अनुसारको सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघटबाट भाग लिन अनुरोध गर्न सकिनेछ।

५. सूचिकृत हुन चाहने कम्पनीहरुले दर्ता शुल्क वापत रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिस हिसाब नं.००२००१०६७११२८३००००01 मा रकम जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ।

६. सूचिकृत भएका सबै कम्पनीबाट सेवा खरिद गर्न बैंक वाध्य हुने छैन।

७. बैंकले बोलपत्रको माध्यमबाट सेवा खरिद गर्दाको हकमा भने सुचिकृत भएका र नभएका अन्य संस्था/कम्पनीले पनि भाग लिन पाउने गरी कार्य गर्न सक्नेछ।

८. सूचिकृतमा पर्ने कम्पनीहरु सूचिकृत भएको जानकारी यस बैंकको सुचना पाटीमा टाँस गरिनेछ र बैंकको वेवसाइटमा पनि राखिने छ।

९. सूचिकृत भएका कम्पनीहरुको सेवा सन्तोषजनक नभएको खण्डमा सुचिबाट विना सूचना नाम हटाउन सकिनेछ। यस उपर कुनै दावी विरोध गर्न पाईने छैन।

१०. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क गरी जानकारी प्राप्त गर्नका साथै यस बैंकको वेभ साईट **www.nepalbank.com.np** भित्र Notice Board मा हेर्न र फर्म डाउन लोड गर्न सकिनेछ।

११. कुनै कम्पनीलाई सूचिकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस बैंकमा नै निहित रहनेछ ।

**सुचिदर्ता हुन आवश्यक शर्तहरु**

- कम्पनिको विगत ३ बर्षको Sales Turnover प्रति बर्ष कम्तिमा रु.१० करोड भएको हुनु पर्ने ।
- १०० भन्दा बढी शाखा भएका कम्पनिहरुमा वा बैंक तथा वित्तिय संस्थामा कर्मचारीहरु पूर्ती गरिसकेको कार्य अनुभव प्रमाण भएको हुनु पर्ने ।

# <u>सूचि दर्ता फाराम</u>

श्रीमान् मुख्य प्रवन्धक,
नेपाल बैंक लिमिटेड,
प्र.का.,सामान्य सेवा विभाग ।

त्यस बैंकको मौजुदा सूचि दर्ता गर्ने बारे मिति २०७६/०९/२३ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम बैंकको लागि HR Consulting Service आपूर्ति गर्न मञ्जुरी भएकोले सूचि दर्ता शुल्क रु.१,०००/- काठमाण्डौ बैंकिङ्ग अफिस हिसाब नं.००२००१०६७११२८३००००००१ मा जम्मा गरी भौचर यसै साथ नत्थी गरी आवश्यक कागजातहरु समेत संलग्न गरी पेश गरेको छु/छौं ।

| | | |
|---|---|---|
| १. | फर्म/कम्पनीको नाम | |
| २. | ठेगाना | |
| ३. | सम्पर्क फोन/मोवाईल | |
| ४. | ई-मेल | |
| ५. | फर्म दर्ता नम्वर र मिति | |
| ६. | PAN तथा VAT नम्वर र मिति | |
| ७. | कर चुक्ता दाखिला बर्ष आ.ब. २०७५/०७६ प्रमाण | |
| ८. | गत आर्थिक बर्षमा गरेको कारोबारको कूल रकम (लेखा परिक्षण भएको बित्तीय विवरण वा आयकर विवरणमा उल्लेख भए बमोजिम) | |
| ९. | मुख्य सेवाहरु | |
| १०. | नेपाल सरकार/बैंक तथा वित्तीय संस्था र अन्य सार्वजनिक संघ/संस्थाहरुमा सेवा आपूर्ति गरेका संस्थानहरुको नामावली | |
| ११. | अनुभव | |

<u>नत्थी</u> :- ........ थान । **भबदीय,**

**दस्तखत :**
**(व्यक्ति /कम्पनीको तर्फबाट सहि गर्ने तथा कम्पनीको छाप)**
**नाम, थर :**
**ठेगाना :**
**मोवाईल नं. :**
**(फोन नं. समेत)**
**मिति :**